## किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ आश्विन २० गतेको बैठकको निर्णय ।

१. महिना मिति २०८१/०५/२० गतेको बैठकबाट निर्णय भएको ५ वटा निर्णयहरुको समिक्षा

२. नजिकिदै गरेको चाडपर्वलाई मध्ये नजरी गरी वजार अनुगमन गर्ने र सम्वन्धित निकाय सँग समन्वय गरी वजार व्यवस्थापन गर्न वडा कार्यालय, गाउँ कार्यापालिकाको कार्यालय, किस्पाङ स्थित सुरक्षा निकाय ले संयुक्त रुपमा आवश्यक कार्य गर्ने गराउने निर्णय गरीयो ।

३. गत आ.ब. २०८०/८१ को **बुस्याङ खोला कल्भर्ट योजना किस्पाङ-१, भाल्चे** योजनामा रु.२,५०,०००। विनियोजित भएको र गत आ.ब. २०८०/८१ मा रु.२,००,०००। मात्र भुक्तानी भएको र म.ले.प.फा.न. २२१ दायित्व फारममा भुक्तानी हुन बाँकी रकम रु.५०,०००। छुट भएकोले यसै आ.ब. २०८१/८२ को **किस्पाङ गाउँपालिकाको विभिन्न दायित्व** बजेट शिर्षकबाट भुक्तानी हुने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने ।

४. किस्पाङ बहुप्राविधिक शिक्षालयको ब्यवस्थापन सम्वन्धी निर्णयहरु ।

क) यस प्रस्तावमा छलफल गर्दा यसै आ.ब. २०८१/८२ को स्वीकृत बार्षिक बजेट किस्पाङ बहुप्राविधिक शिक्षालय सञ्चालन तथा ब्यवस्थापनको लागि विनियोजित बजेट रु. २५,००,०००।(पच्चिस लाख) बाट खर्च हुने गरी हाल प्राविधिक शिक्षालयबाट माग भए बमोजिमको फर्निचर तथा ल्याब सामाग्री smart board , ल्याव सामाग्री तथा पुस्तकहरुको खरिद प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

ख) फार्मसी र HA को दोस्रो ब्याचको प्रथम बर्षको कक्षा (CTEVT को पाठ्यक्रम) तत्काल सञ्चालन गर्न किस्पाङ बहुप्राबिधिक शिक्षालयबाट नै मा.शि. द्वितिय श्रेणीको शुरु तलबमानबाट (महंगी भत्ता सहित) नबढने गरी पारिश्रमिक भुक्तानी गर्ने गरी पुर्णकालिन बायोलोजीको प्रशिक्षक १(एक) र फार्मेसीको प्रशिक्षक १(एक) गरी जम्मा दुई पदमा प्रशिक्षक नियुक्तिको लागि विज्ञापन प्रक्रिया अगाडी बढाउन शिक्षालयलाई अनुमति दिने ।

ग) अन्य विषयहरुको हकमा CTEVT को मापदण्ड अनुसार कक्षा संचालन गर्न कक्षागत प्रशिक्षक र विषय विज्ञहरुलाई प्रति कक्षा (पाठ्य क्रमले तोकिएको पाठ्यभारको घण्टा)को दरले पारिश्रमिक शिक्षालयबाट नै भुक्तानी गर्ने गरि पठनपाठनको व्यवस्थापन गर्न शिक्षालयलाई जिम्मा दिने ।

घ) छात्रबास प्रयोग गरे बापत प्रति विद्यार्थी प्रति महिना रु.५००।(पाँच सय) को दरले शिक्षालयको खातामा जम्मा गर्न र छात्रबास बत्ती, बिजुली खर्च तथा मर्मत सम्भार, WIFI र hostel वार्डनको खर्च ब्यबस्थापन शिक्षालयले नै गर्ने ।

**ङ)** मिति २०८० मंशिर ०१ गते देखी विहानी सेवामा मात्र कार्य गर्ने गरि शिक्षालयको संचालक समितिको निर्णय अनुसार नियुक्ति गरेको कार्यालय सहयोगीलाई हाल विहानी सेवाको अलावा दिवा

सेवामा थप ४ घण्टा कामकाज गर्ने गरी हाल भुक्तानी भईरहेको सेवा सुविधामा मासिक रु.७०००।(सात हजार) थप गरी शिक्षालयबाट भुक्तानी गर्ने ।

मिति २०८१-०७-२० गते देखि २०८१-०८-१७ गते सम्म चिनमा हुने **Seminar On Public Administration Management of Asian Countries** कार्यक्रममा सहाभागी हुनको लागि उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेको भ्रमण स्वीकृत गर्ने ।

मिति २०८१ साल ०६ महिना २० गते ०१ रोज ।